# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेशीसहर, लमजुङ्ग
### गण्डकी प्रदेश, नेपाल

## सहजी वसपार्कको पार्किङ्ग शुल्क उठाउने सम्बन्धी कार्यको सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२ गते)

वेशीसहर नगर कार्यपालिकाको मिति २०७६ श्रावण २९ गतेको निर्णय अनुसार नगरपालिकाको स्वामित्वमा रहेको सहजी वसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्यका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो शिलबन्दी दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np हेर्न सकिने तथा कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

| आय ठेक्का नं. | नदी/खोलाहरुको विवरण | न्यूनतम ठेक अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | दरभाउ पत्र फाराम दस्तुर |
|---|---|---|---|
| १९/०७६/०७७ | सहजी वसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्य । | रु . २००००।० | १०००।० |

**क. शर्तहरु :**

१। दरभाउपत्र सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र बेशीसहर नगरपालिकाको कार्यालय, बेशीसहरबाट खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउपत्रहरु १६ औं दिन अपरान्ह १२:०० बजे भित्र नगरपालिका कार्यालयमा दर्ता गर्नुपर्ने छ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २.० बजे खोलिनेछ ।

२। दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खाता नं. ग–४–३ – ३०४०३०४०३८३०४ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ । दरभाउपत्रदाताले खामको वाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

३। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी बापत कबोल अंकको कम्तीमा ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ३०४०३०३००७१०४ ग–३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा "क" वर्गको बाणिज्य बैंकबाट जारी गरेको कम्तीमा १२० दिन अवधिको विडवण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

४। दरभाउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलवन्दी दरभाउपत्र फिर्ता तथा संसोधन हुने छैनन् ।

५। दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

६। रितपूर्वक दाखिला भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहतिको दरभाउपत्र स्विकार्य हुने छैन ।

७। प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८। ठेक्का सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले छेकथुन गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा पुन सुचना गर्न सकिनेछ ।

९। ठेक्का अवधी : बढीमा २०७७ असार मसान्त सम्म हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकिय अधिकृत